नेपाल ग्रामीण विकास बैंक लि.
Nepal Grameen Bikas Bank Ltd.

दोस्रो वार्षिक प्रतिवेदन
2nd Annual Report

आ.व. २०७२/०७३
(F.Y. 2015/016)

नेपाल ग्रामीण विकास बैंक लि.

सञ्चालक समिति

माणिकरत्न शाक्य
अध्यक्ष



टंक प्रसाद पाण्डेय
सञ्चालक

हरीशरण के.सी.
सञ्चालक

सुरेश देवकोटा
सञ्चालक

जमुना ढकाल
सञ्चालक

चद्रावती घिमिरे (पौडेल)
सञ्चालक

प्रज्वल ध्वज थापा
सञ्चालक

भेषराज कंडेल
सञ्चालक

पर्वत कुमार कार्की
प्रमुख कार्यकारी अधिकृत

प्रतिनिधि (प्रोक्सी) फारम

कम्पनी ऐन, २०६३ को दफा ७१ को उपदफा (३) सँग सम्बन्धित

श्री सञ्चालक समिति
नेपाल ग्रामीण विकास बैंक लिमिटेड
बुटवल, रुपन्देही
विषय : प्रतिनिधि नियुक्ती गरेको वारे ।
महाशय,

..... जिल्ला.....म.न.पा./उ.म.न.पा./न.पा./गा.वि.स. वडा नं. ..... वस्ने म/हामी .....ले त्यस कम्पनीको शेयरधनीको हैसियतले वि.स. २०७३ साल माघ १४ गते शुक्रवारका दिन हुने दोश्रो वार्षिक साधारण सभामा म/हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागि हुन नसक्ने भएकोले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि .....जिल्ला ..... म.न.पा./उ.म.न.पा./न.पा./गा.वि.स. वडा नं. .... वस्ने त्यस कम्पनीका शेयरधनी श्री ..... लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौ ।

प्रतिनिधि नियुक्त भएको व्यक्तिको :
हस्ताक्षर नमुना :
शेयरधनी नं. :
शेयर प्रमाण पत्र नं. :
हितग्राही खाता नं.
मिति :

निवेदक
दस्तखत
नाम :
ठेगाना :
शेयर प्रमाणपत्र नं.
हितग्राही खाता नं.
शेयर संख्या :

द्रष्टव्य : यो निवेदन साधारण सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।

प्रवेश-पत्र

शेयरधनीको नाम..... शेयरधनी नं.....
शेयर प्रमाणपत्र नं./हितग्राही खाता नं. ..... शेयर संख्या .....
मिति : २०७३ साल माघ १४ गते शुक्रवारका दिन हुने नेपाल ग्रामीण विकास बैंक लि.को दोश्रो वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश-पत्र ।

द्रष्टब्य :

१. शेयरधनीहरुले माथि उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भर्नु होला ।
२. सभाकक्षमा प्रवेश गर्न यो प्रवेश-पत्र प्रस्तुत गर्न अनिवार्य छ ।

कम्पनी सचिव

नेपाल ग्रामीण विकास बैंक लिमिटेड

प्रधान कार्यालय, बुटवल

दोश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस बैंकको मिति २०७३/९/१२ गते बसेको सञ्चालक समितिको ७४ औं बैठकको निर्णयानुसार बैंकको दोश्रो वार्षिक साधारण सभा देहायका विषय उपर छलफल गर्न निम्न मिति,समय र स्थानमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

सभा हुने मिति, समय र स्थान :

मितिः २०७३ माघ १४, गते शुक्रवार, तदनुसार जनवरी २७, २०१७

समयः विहान ११:३० बजे ।

स्थानः रुपन्देही व्यापार संघको सभाहल, बुटवल ६, रुपन्देही ।

छलफलका विषयहरू

क) साधारण प्रस्ताव :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आ.व.२०७२/०७३ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७३ आषाढ मसान्तको वासलात, आ.व. २०७२/०७३ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण (अनुसूची सहित) उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३ बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ६० तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७३/०७४ को बाह्य लेखापरीक्षण गर्न लेखापरीक्षण समितिवाट सिफारिश भए मुताविक लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हाल वहालवाला लेखापरीक्षक श्री जि.एण्ड जि. एसोसियट्स,चार्टर्ड एकाउन्टेन्टस् पुनः नियुक्तिका लागि ग्राह्य हुनुहुन्छ ।)

ख) विशेष प्रस्ताव :

१. नियमनकारी निकायका निर्देशन लगायत अन्य कारणबाट बैंकको प्रवन्धपत्र तथा नियमावली २०७१ मा कुनै शंसोधन परिमार्जन थपघट वा परिवर्तन गर्नु पर्ने अवस्था भएमा सो का लागि संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव पारीत गर्ने सम्बन्धमा ।

ग) विविध :

संचालक समितिको आज्ञाले,
दिपक प्रसाद पाण्डे
कम्पनी सचिव

साधारण सभा सम्बन्धी थप जानकारी :

१. वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०७३/९/२१ गते देखि मिति २०७३/१०/१४ गते सम्म बैंकको शेयरधनी दर्ता किताव बन्द रहनेछ ।

२. मिति २०७३/९/२० गते सम्म नेपाल स्टक एक्सचेन्ज लि.मा कारोवार भएको शेयर नामसारीहरु मिति २०७३/९/२९ गते कार्यालय समय भित्र यस संस्थाको शेयर रजिष्ट्रार श्री प्रभु क्यापिटल लि. कमलादी, काठमाण्डौमा बुझाउनु हुन अनुरोध छ । उक्त समय भित्र भएका शेयर नामसारीहरु तोकिएको समयभित्र प्राप्त नभएमा कम्पनीको दोश्रो वार्षिक साधारण सभा प्रयोजनका लागि समावेश गरिने छैन ।

३ वार्षिक साधारण सभामा भाग लिन आउँदा शेयरधनीहरुले आफ्नो परिचय खुल्ने प्रमाणपत्र अनिवार्य रुपमा लिई आउनु पर्नेछ ।

४. शेयरधनी महानुभावहरुले कम्पनी ऐन २०६३, अनुसारको लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन तथा वार्षिक साधारण सभा सम्वन्धी अन्य जानकारीहरु बैंकको प्रधान कार्यालय बुटवल रुपन्देहीमा आई निरीक्षण गर्न र प्राप्त गर्न सक्नु हुनेछ । साथै, साधारण सभा सम्वन्धी जानकारी बैंकको वेवसाइट www.grameenbanknepal.com मा समेत राखिएको छ ।

५. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभा शुरु हुनु भन्दा पहिले नै उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नुपर्नेछ । शेयरधनी महानुभावहरुको सुविधाका लागि हाजिरी किताव सभास्थलमा सभा हुने दिन बिहान १०.०० बजेदेखि खुल्ला रहनेछ ।

६. सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीले यस बैंकको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नु हुनेछ ।

७. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त हने शेयरधनीले प्रतिनिधि पत्र (प्रोक्सी फारम) साधारण सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै अर्थात २०७३/१०/१२ गते विहान ११.३० बजे भित्र बैंकको प्रधान कार्यालय बुटवलमा दर्ता गरिसक्नु पर्नेछ ।

८. प्रतिनिधि मुकरर गरिसकेपछि बदर गर्न चाहेमा सभा हुने दिन हाजिरी पुस्तिका खुल्नु अघि सभा स्थलमा उपस्थित् भई लिखित सूचना दिनुपर्नेछ ।

९. सभामा भाग लिन आए वापत यातायात खर्च, खाजा खर्च वा अन्य कुनै किसिमको रकम बैंकले प्रदान गर्ने छैन ।

१०. सभा सम्वन्धी अन्य जानकारीको लागि बैंकको प्रधान कार्यालय स्थित फोन नं.०७१-४३७५२९ वा ४३८९५१ (एक्सटेन्सन नं. ४४) मा सम्पर्क राख्नुहुन अनुरोध छ ।

विषय सूची

क्र.सं.	शिर्षक	पाना नं.
१.	प्रतिनिधि (प्रोक्सी) फारम र प्रवेश-पत्र	क
२.	दोस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना	ख
३.	साधारण सभा सम्बन्धी थप जानकारी	ग
४.	नेपाल ग्रामीण विकास बैंक लि. को संक्षिप्त चिनारी	१
५.	सञ्चालक समितिको वार्षिक प्रतिवेदन	४
६.	सञ्चालक समितिको प्रतिवेदनमा हुनुपर्ने अन्य विवरणहरू	९
७.	लेखा परीक्षकको प्रतिवेदन	११
८.	वासताल	१३
९.	नाफा नोक्सान हिसाब	१४
१०.	नाफा नोक्सान बाँडफाँड हिसाब	१५
११.	इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण	१६
१२.	नगद प्रवाह विवरण	१७
१३.	अन्य वित्तीय विवरणहरू (अनूसूचीहरू)	१८
१४.	प्रमुख लेखा नीतिहरूः	४५
१५.	लेखा सम्बन्धी टिप्पणीहरूः	४८
१६.	नेपाल राष्ट्र बैंकको स्वीकृति पत्र	५४
१७.	नेपाल राष्ट्र बैंकको सुपरिवेक्षणबाट प्राप्त निर्देशनको जवाफ	५५
१८.	प्रधान कार्यालयमा कार्यरत कर्मचारीहरूको विवरण	५६
१९.	कार्यालय र कार्यालय प्रमुखको विवरण	५८
२०.	संगठनात्मक संरचना	६७

नेपाल ग्रामीण विकास बैंक लिमिटेडको

संक्षिप्त चिनारी

देशमा व्याप्त गरिबी र बेरोजगारीलाई लघुकर्जाको माध्यमबाट न्यूनिकरण गर्नका लागि नेपाल सरकार र नेपाल राष्ट्र बैंकको अग्रसरतामा तत्कालिन पाँच विकास क्षेत्रमा स्थापना भएका साविकका पाँच ग्रामीण विकास बैंकहरु मर्ज भई नेपाल ग्रामीण विकास बैंक लि.को स्थापना भएको हो । यस बैंकले हाल ५३ जिल्ला अन्तरर्गत १८६ शाखा सञ्जाल मार्फत ११७० गा.वि.स./न.पा.हरुमा आफ्नो सेवा विस्तार गर्न सफल भएको छ । बैंकको प्रधान कार्यालय बुटवलमा रहेको छ भने विराटनगर, जनकपुर, बुटवल, नेपालगंज र धनगढीमा क्षेत्रीय कार्यालयहरु रहेका छन् । बैंकले ग्रामीण क्षेत्रमा बसोवास गर्ने विपन्न वर्गका समुदाय विशेष गरी महिलाहरुको आर्थिक तथा समाजिक अवस्था सुदृण गर्न विभिन्न प्रकारका लघुवित्त सेवाहरु प्रदान गर्दै आईरहेको छ । यो बैंक कम्पनी ऐन २०६३ अन्तर्गत रहने गरी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ अनुसार संचालनमा रहेको छ ।

१) स्थापना मिति : वि.सं. २०७१ श्रावण ३० गते

२) प्रधान कार्यालय : बुटवल उप-महानगरपालिका वडा नं.१२, कालिकानगर, रुपन्देही

फोन नं. : ०७१-४३८९५१/४३८९५२/४३८९५३/४३७४०९/४३७५२९/४३७५४४/ ४३७५३०/४३७४१०/४३८९२९ फ्याक्स नं. : ०७१-४३८९५४

इमेल : info@grameenbanknepal.com

वेभसाइट : www.grameenbanknepal.com

३) भौगोलिक कार्य क्षेत्र : नेपाल राज्यभरि

४) मिति २०७३ असोज मसान्तसम्म कार्यक्रम विस्तार भएका जिल्लाहरु :-

क) क्षेत्रीय कार्यालय विराटनगर अन्तर्गत : झापा, मोरङ्ग, सुनसरी, सिराहा, सप्तरी, उदयपुर, ताप्लेजुङ्ग, भोजपुर

ख) क्षेत्रीय कार्यालय जनकपुर अन्तर्गत : धनुषा, महोत्तरी, सर्लाही, रौतहट, वारा, पर्सा, मकवानपुर, चितवन, धादिङ.

नुवाकोट, काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक

ग) क्षेत्रीय कार्यालय बुटवल अन्तर्गत : नवलपरासी, रुपन्देही, कपिलवस्तु, पाल्पा, गुल्मी, अर्घाखाँची, स्याङजा,

कास्की, तनहुँ, लमजुङ, गोरखा, वाग्लुङ, पर्वत, म्याग्दी

घ) क्षेत्रीय कार्यालय नेपालगञ्ज अन्तर्गत : दाङ, बाँके, बर्दिया, सुर्खेत, सल्यान, दैलेख, रुकुम, रोल्पा, प्यूठान, जुम्ला

ङ) क्षेत्रीय कार्यालय धनगढी अन्तर्गत : कैलाली, कञ्चनपुर, डोटी, डडेलधुरा, वैतडी, बझाङ, दार्चुला

५) कार्यालय संख्या :

प्रधान कार्यालय	क्षेत्रीय कार्यालय	इलाका कार्यालय	शाखा कार्यालय	इकाई कार्यालय	जम्मा
०१	०५	२९	१५२	५	१९२

६) बैंकको कार्यक्रम तथा सेवाहरु :

कर्जाका प्रकार	धितोको प्रकार	लक्षित वर्ग	बचतका प्रकार (ग्राहकहरुलाई)	राहत कार्यक्रम (ग्राहकहरुलाई)
लघु व्यवसाय कर्जा	विना धितो	समूहमा आवद्ध सदस्यलाई	समूह बचत	प्रसुती खर्च
लघु उद्यम कर्जा (क)	स्वीकारयोग्य धितो	समूहमा आवद्ध सदस्यलाई	व्यक्तिगत बचत	किरीया खर्च

लघु उद्यम कर्जा (ख)	स्वीकारयोग्य धितो	समूह तथा समूह बाहिरका एकल सदस्यहरुलाई	पेन्सन बचत	औषधी उपचार खर्च
नविकरणिय उर्जा कर्जा	विना धितो/ स्वीकारयोग्य धितो	समूह तथा समूह बाहिरका एकल सदस्यहरुलाई	केन्द्रकोष बचत	पुनरर्स्थापना खर्च
बैदेशिक रोजगार कर्जा	स्वीकारयोग्य धितो	समूह बाहिरका एकल सदस्यहरुलाई	ग्रामीण उपकार बचत	शिक्षामा प्रोत्साहन खर्च
विशेष सदस्य कर्जा	विना धितो	समूहमा आवद्ध सदस्यलाई	बाल शिक्षा क्रमिक बचत	कर्जाको क्षतिपूर्ति सम्बन्धी खर्च
आवास कर्जा	विना धितो/ स्वीकारयोग्य धितो	समूहमा आवद्ध सदस्यलाई	आपतकालीन कोष विशेष ग्रामीण बचत	स्वास्थ्य शिविर सञ्चालन खर्च

७) पूँजीगत संरचना :

अधिकृत पूँजी	१ अर्ब
जारी पूँजी	६५ करोड ५० लाख
चुक्ता पूँजी	५५ करोड ७५ लाख

(८) शेयर संरचना विवरण :

क्र.स.	समुह क संस्थाको नाम	कायम रहेको शेयर कित्ता	शेयर प्रतिशत	शेयर संख्या
१	नेपाल सरकार	१९७५८०३	३०.१६५	संस्थापक १ जना
२	नेपाल राष्ट्र बैंक	१९९९८८	३.०५३	संस्थापक १ जना
३	नेपाल बैंक लिमिटेड	१९०१०५	२.९०२	संस्थापक १ जना
४	राष्ट्रिय वाणिज्य बैंक लिमिटेड	१५०३२९	२.२९५	संस्थापक १ जना
५	हिमालयन बैंक लिमिटेड	९५९९६	१.४६६	संस्थापक १ जना
६	नेपाल बंगलादेश बैंक लिमिटेड	९६८१०	१.४७८	संस्थापक १ जना
७	नेपाल इनभेष्टमेण्ट बैंक लिमिटेड	४८५९८	०.७४२	संस्थापक १ जना
८	नविल बैंक लिमिटेड	५३६३५	०.८१९	संस्थापक १ जना
९	स्ट्याण्डर्ड चार्टड बैंक नेपाल लिमिटेड	६००	०.००९	संस्थापक १ जना
१०	नेपाल एस.वि.आई बैंक लिमिटेड	९२८१०	१.४१७	संस्थापक १ जना
११	कृषि विकास बैंक लिमिटेड	६९८	०.०११	संस्थापक १ जना
१२	बैंक अफ काठमाण्डौं लुम्बिनी लिमिटेड	६९८	०.०११	संस्थापक १ जना
१३	निर्धन उत्थान बैंक लिमिटेड	१९१९९२	२.९३१	संस्थापक १ जना
१४	पिपुल्स इनभेष्टमेण्ट कम्पनी लिमिटेड	६७०००८	१०.२२९	संस्थापक १ जना
१५	सुप्रिम डेभलपमेण्ट बैंक लिमिटेड	२३३	०.००४	संस्थापक १ जना
१६	निक्षेप तथा कर्जा सुरक्षण निगम	३१९४	०.०४८	संस्थापक १ जना
१७	बैंकका शेयर सदस्य र कर्मचारीहरु	७९०९८६	१२.०७६	संस्थापक २३५१३ जना
१८	एच.पि. अग्रवाल एण्ड कम्पनी	४१९८	०.०६४	संस्थापक १ जना
१९	बन्दीकापुर ब. सहकारी संस्था	१२२८७	०.१८८	संस्थापक १ जना
		४५७८९६९	६९.९०८	

(८) शेयर संरचना विवरण :

	समूह ख			
१	सर्वसाधारण शेयरधनी (चुक्ता भईसकेको पूँजी)	९९६०३१	१५.२०७	व्यक्तिगत १५५८० जना
२	सर्वसाधारणमा निष्काशन गर्न बाँकी शेयर पूँजी	९७५०००	१४.८८५	
		१९७१०३१	३०.०९२	
	जम्मा चुक्ता पूँजी	५५७५०००	८५.११५	
	जम्मा जारी पूँजी	६५५००००	१००	
	जम्मा अधिकृत पूँजी	१००००००		

(९) २०७३ असोज मसान्तसम्मको संक्षिप्त प्रगति विवरण : रु '०००'

क.सं	विवरण	
१	कुल सदस्य संख्या	२०७४६५ जना
२	कुल ऋणी संख्या	१३४९४५ जना
३	कुल लगानीमा रहेको बाँकी कर्जा (रु.)	६८५०८७२
४	कुल बचत रकम (रु.)	१९१७९९३
५	कुल आम्दानी (रु.)	३१८७७३
६	कुल खर्च (रु.)	२७१४३३
७	सञ्चालन मूनाफा (अपरिष्कृत)	४७३४०

'विपन्न वर्गको सेवामा नेपाल ग्रामीण विकास बैंक'

District : 53
Regional Office : 5
No of Branches : 186

● बैंकको कार्यक्रम पुगेका जिल्लाहरु

नेपाल ग्रामीण विकास बैंक लिमिटेडको

दोस्रो वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत आ.व.२०७२/०७३ को वार्षिक प्रतिवेदन

शेयरधनी महानुभावहरु,

नेपाल ग्रामीण विकास बैंक लिमिटेडको दोस्रो वार्षिक साधारण सभामा भाग लिन आउनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु, आमन्त्रित अतिथि, पर्यवेक्षक तथा पत्रकार महानुभावहरुमा सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत तथा अभिवादन गर्दछु। यस साधारण सभामा बैंकका शेयरधनी महानुभावहरुको गरिमामय उपस्थितिबाट प्राप्त हुने सद्भाव, सल्लाह र सुझावले बैंकको भावी कार्यदिशा तय गर्न अत्यन्त उपयोगी हुनेछ भन्ने आशा एवं विश्वास लिएको छु । यस अवसरमा बैकको आर्थिक वर्ष २०७२/०७३ को वासलात, नाफा नोक्सान हिसाव, नाफा नोक्सान वाँफाँड, नगद प्रवाह विवरण र सो उपर लेखापरीक्षकको प्रतिवेदन लगायत अन्य वित्तीय विवरणहरु स्वीकृतिका लागि पेश गर्दै चालु आर्थिक वर्षको प्रथम त्रैमासिक अवधीमा भएको उपलव्धी तथा आगामी दिनका कार्ययोजनाहरु सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

क. विगत वर्षको कारोवारको सिंहावलोकन :

(१) सञ्चालन गतिविधिको समिक्षा : लघुवित्तको कारोवार गर्न राष्ट्रियस्तरको संस्थाको रुपमा इजाजतपत्र प्राप्त यस बैंकले आ.व. २०७२/०७३ को आषाढ मसान्तसम्म देशका ५३ जिल्लाका ११७० गा.वि.स. तथा नगरपालिकाहरुमा १९२ वटा कार्यालयहरु स्थापना गरी ७९६६ केन्द्र मार्फत २,०२,८३७ समूह सदस्य र १,३१,६६६ ऋणी सदस्यहरुलाई लघुकर्जा, लघुवचत लगायतका लघुवित्तीय सेवाहरु पुऱ्याउदै आएको छ। २०७३ आषाढ मसान्तसम्म यस बैंकको कुल लगानीमा रहेको वाँकी कर्जा रु. ६ अर्ब ४१ करोड ३० लाख १५ हजार र बचत परिचालन रु. १ अर्ब ८१ करोड ९४ लाख ७ हजार रहेको छ। समीक्षा अवधिमा बैंकमा कार्यरत कर्मचारीहरुको संख्या ९२७ रहेको छ।

(२) वित्तीय स्थिति :

२.१ संचालन आम्दानी : आर्थिक वर्ष २०७२/०७३ मा यस बैंकमा व्याजबाट आम्दानी रू १ अर्ब १४ करोड ७१ लाख ४ हजार, अन्य आम्दानी रू.९ करोड ७४ लाख ४३ हजार, नोक्सानी व्यवस्थाबाट फिर्ता आय रू ७ करोड ३८ लाख ६८ हजार, कर्जा अपलेखन असुलीबाट रु. १९ लाख १८ हजार र गैर संचालन आम्दानीबाट रु. २८ लाख गरी जम्मा रू.१ अर्ब ३२ करोड ३१ लाख ३३ हजार कुल आम्दानी हुन गएको व्यहोरा जानकारी गराउन चाहन्छु।

२.२ संचालन खर्च : आ.व. २०७२/०७३ मा यस बैंकमा कुल कर्मचारी खर्च तर्फ रू. ४७ करोड १४ लाख ६६ हजार, कार्यालय सञ्चालन खर्च तर्फ रू ८ करोड ८९ लाख ५८ हजार, व्याज खर्च तर्फ रू २८ करोड ६१ लाख ७५ हजार र संभावित नोक्सानी व्यवस्था खर्च रु. १० करोड ९९ लाख ५२ हजार गरी कुल रू ९५ करोड ६५ लाख ५१ हजार खर्च हुन गएको व्यहोरा जानकारी गराउन चाहन्छु।

२.३ संचालन मुनाफा : आर्थिक वर्ष २०७२/०७३ मा यस बैंकको आम्दानी रू.१ अर्ब ३२ करोड ३१ लाख ३३ हजार र कुल खर्च तर्फ रू ९५ करोड ६५ लाख ५१ हजार भई रू ३६ करोड ६५ लाख ८२ हजार संचालन मुनाफा हुन गएको छ। यस बैंकको समीक्षा अवधिको वित्तीय स्थितिलाई देहायको तालिकाबाट थप स्पष्ट पारिएको छ।

समीक्षा अवधि आ.व.२०७२/०७३ सम्मको वित्तीय स्थिति : रू '०००'

कुल आम्दानी	कुल खर्च	नाफा/(नोक्सान)	२०७३ आषाढ मसान्त सम्मको संचित नाफा/(नोक्सान)
१,३२,३१,३३	९५,६५,५१	३६,६५,८२	(४६,९१,०३)

बैंक मर्जर हुँदाका समयमा कूल रु. ७६ करोड ६१ लाख १५ हजार संचित नोक्सानी रहेकोमा यसमा क्रमशः सुधार हुँदै २०७२ आषाढ मसान्तमा रु. ६५ करोड ५९ लाख १५ हजार र २०७३ आषाढ मसान्त सम्ममा यस बैंकको कुल संचित नोक्सानी रु.४६ करोड ९१ लाख ३ हजार कायम हुन आएको छ।

ख. राष्ट्रिय/अन्तर्राष्ट्रिय परिस्थितिबाट बैंकलाई परेको प्रभाव :

अन्तर्राष्ट्रिय परिस्थितिबाट यस बैंकलाई प्रत्यक्ष रुपमा कुनै असर परेको छैन तर राष्ट्रिय परिस्थितिबाट भने बैंकलाई केही हदसम्म प्रभाव परेको छ । प्राकृतिक प्रकोप, राजनीतिक अस्थिरता, बन्द, हड्ताल आदिका कारण बैंकको सेवा विस्तार र असुलीमा प्रभाव परेको छ । लघुवित्त कार्यक्रममा देखिएको दोहोरोपना तथा अस्वस्थ प्रतिस्पर्धा र हालका दिनमा बैंकिङ्ग तथा वित्तीय प्रणालीमा देखिएको तरलताको समस्याले समेत बैंकलाई प्रभाव पार्ने महशुस गरिएको छ ।

ग. चालु वर्षको उपलब्धी र बैंकको भावी योजना :

(१) आ.व.२०७३/०७४ को प्रथम त्रैमासिक अवधिको उपलब्धी :

यस आ.व.को प्रथम त्रैमासिक अवधिमा लगानीमा बाँकी रहेको कर्जा रु. ६ अर्ब ८५ करोड ८ लाख ७२ हजार, बचत परिचालन रु. १ अर्ब ९१ करोड ७९ लाख ९३ हजार, कुल आम्दानी रु. ३१ करोड ८७ लाख ७३ हजार, कुल खर्च रु. २७ करोड १४ लाख ३३ हजार भई संचालन मूनाफा रु. ४ करोड ७३ लाख ४० हजार (अपरिस्कृत) रहेको व्यहोरा शेयरधनी महानुभावहरु समक्ष अवगत गराउन चाहन्छु । तल उल्लेखित तालिकाले गत आ.व.को सोही अवधिको तुलनामा चालु आ.व.को प्रथम त्रैमासिक अवधिको अवस्था थप स्पष्ट पार्दछ ।

तुलनात्मक विवरण (रु.'०००')

विवरण	२०७३ प्रथम त्रैमासिक	२०७२ प्रथम त्रैमासिक	बढेको/(घटेको)	वृद्धि प्रतिशत
सदस्य संख्या	२०७४६५	१९३१७७	१४२८८	७.४०
ऋणी सदस्य संख्या	१३४९४५	१३१३९५	३५५०	२.७०
उठाउन बाँकी कुल कर्जा(रु.)	६८५०८७२	५६४७००७	१२०३८६५	२१.३२
बचत परिचालन (रु.)	१९१७९९३	१४७२८२९	४४५१६४	३०.२३
आम्दानी (रु.)	३१८७७३	२८१८१९	३६९५४	१३.११
खर्च (रु.)	२७१४३३	२६३८०१	७६३२	२.८९
सञ्चालन नाफा(अपरिष्कृत)(रु.)	४७३४०	१८०१८	२९३२२	१६२.७४

(२) कार्यक्रम विस्तार :

चालु आ.व.मा बैंकको कार्यक्रम नपुगेका जिल्लाहरु मध्ये केही जिल्लाहरुमा नियमन व्यवस्था अनुरुप शाखा स्थापना गरी आफ्नो सेवा विस्तार गर्दै जाने कार्य योजना रहेको व्यहोरा अवगत गराउन चाहन्छु । बैंकले आ.व.२०७३/०७४ को अन्त सम्ममा सदस्य संख्यामा २०.०१ प्रतिशत, ऋणी संख्यामा २४.४७ प्रतिशत,उठ्न बाँकी कर्जामा ३५.०१ प्रतिशत, कुल वचतमा २८.६८ प्रतिशत बृद्धि गर्ने लक्ष्य राखिएको छ । निष्क्रिय कर्जाको अंशलाई क्रमशः कम गरी चालु आ.व.को अन्त सम्ममा उल्लेख्य रुपमा घटाई स्वीकारयोग्य विन्दुमा कायम राख्ने लक्ष्य राखिएको सभा समक्ष अवगत गराउन चाहन्छु ।

(३) भावी रणनीति

३.१ जनशक्ति व्यवस्थापन : संस्थाको उन्नति र प्रगतिमा सबै भन्दा ठूलो योगदान तथा भूमिका कर्मचारी वर्गको रहेको हुन्छ । यसर्थ कर्मचारीहरुको मनोवल उच्च बनाउने र उनीहरुको दक्षता अभिबृद्धि गर्ने कार्यलाई बैंकले उच्च प्राथमिकतामा राखेको छ । यसका लागि कर्मचारीहरुको तलव भत्तामा समय सापेक्ष बृद्धि गरिएको, कर्मचारीहरुलाई आवश्यकता अनुसार तालिम गोष्ठी तथा सेमिनारहरुमा सहभागी गराउन वजेट व्यवस्था समेत गरिएको छ । यस अनुसार कर्मचारीहरुको दक्षता अभिबृद्धि गराउने कार्यलाई अगाडि बढाइने छ । साथै, बैंकको जनशक्तिलाई कार्यक्रम र कार्यबोझका आधारमा व्यवस्थापन गर्ने एवं उनीहरुको वृत्ती विकासका लागि आवश्यक कार्य गरिने छ ।

३.२ सेवा विस्तार तथा विविधीकरण : बैंकले लघुकर्जा, लघुवचत, लघुविमा लगायतका कार्यक्रमहरु मार्फत आयआर्जन र स्वरोजगार सिर्जना गर्ने उद्देश्यले आफ्ना ग्राहक सदस्यहरुलाई कृषि तथा पशुपंक्षीजन्य व्यवसायहरु (तरकारी खेती, फलफूल खेती, नगदेवाली, दुग्धजन्य व्यवसाय, वाखापालन, कुखुरापालन, वंगुरपालन, गाईभैसी पालन, मत्स्यपालन आदि), लघुउद्यम व्यवसायहरु, घरेलु उद्योग लगायतका परियोजनाहरुमा आर्कषित गर्दै आएको छ र यस तर्फ आगामी दिनमा थप प्रोत्साहित गरिने छ ।

३.३ नविकरणीय उर्जा कार्यक्रम : बढ्दो वातावरणीय प्रदुषण कम गर्न र विद्यमान विद्युत आपूर्ति (लोडसेडिङ) को बैकल्पिक समाधानको लागि नविकरणीय उर्जा कार्यक्रमलाई थप प्राथमिकता दिइनेछ । ग्रामीण क्षेत्रका गरिब घरपरिवारहरुको लागि नविकरणीय उर्जा कार्यक्रम अन्तर्गत सोलार, वायोग्यास तथा लघुजलविद्युत परियोजनाहरुमा लगानी गरी बैकल्पिक उर्जाको विकास र विस्तारमा बैंकले कार्यक्रम संचालन गर्ने छ ।

३.४ बैंकको जग्गा/जमिनः नेपाल ग्रामीण विकास बैंक लि.को नाममा कैलाली र कंचनपुर जिल्लामा ३-०-० विगाहा, बाँके र बर्दिया जिल्लामा १-१-१५ विगाहा, नवलपरासी जिल्लामा ०-३-१० विगाहा र सुनसरी, मोरङ्ग र झापा जिल्लामा ०-१३-२ विगाहा जग्गा रहेको व्यहोरा जानकारी गराउन चाहन्छु । बैंकको नाममा रहेका यी सम्पत्तिहरुको उचित संरक्षण तथा सदुपयोग गरी बैंकले यसबाट लाभ लिने सम्बन्धमा आवश्यक कार्य गरिने छ ।

३.५ पूँजी वृद्धि गर्ने योजना : हाल बैंकको अधिकृत पूँजी १,००,००,००,०००।- (एक अर्ब) रहेको छ । सो पूँजीलाई रु.१००।- दरका १,००,००,०००। (एक करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ । बैंकले तत्काल जारी गरेको शेयर पूँजी रु. ६५,५०,००,०००।- (पैंसी करोड पचास लाख) रहेको छ । बैंकको तत्काल चुक्ता पूँजी रु ५५,७५,००,०००।- (पचपन्न करोड पचहत्तर लाख) छ । यसरी जारी पूँजीको ६९.९०८ प्रतिशत शेयर संस्थापक शेयरधनीहरुबाट चुक्ता भई सकेको छ । बैंकले रु ९,७५,००,०००।- (नौ करोड पचहत्तर लाख) बराबरको ९,७५,००० (नौ लाख पचहत्तर हजार) कित्ता शेयर सर्वसाधारणलाई नयाँ निष्कासन Further Public offering (FPO) मार्फत विक्री गर्न छुट्टयाईएकोले चालु आ.व. भित्रै FPO मार्फत बाँकी रहेको शेयर निष्काशन गर्ने कार्य गरिने व्यहोरा शेयरधनी महानुभावहरुलाई जानकारी गराउन चाहन्छु ।

३.६ निष्कृय कर्जा असुली सम्वन्धमा : बैंकमा रहेको निष्कृय कर्जाको अंशलाई स्वीकारयोग्य विन्दुमा कायम राख्ने कार्य बैंकका लागि चुनौतिपूर्ण रहेको छ । यसतर्फ बैंक व्यवस्थापनले विशेष सक्रियताका साथ कार्य गरिरहेको छ । आर्थिक वर्ष २०७१/०७२ को अन्तसम्ममा बैंकको निस्कृय कर्जा ५.६८ प्रतिशत रहेकोमा २०७३ आषाढ मसान्त सम्म निस्कृय कर्जा ४.३० प्रतिशतमा झरेको छ । आ.व. २०७३/०७४ को अन्तसम्ममा निष्कृय कर्जा असुलीमा थप सुधार गर्ने लक्ष्य राखिएको छ । यसका लागि कर्जा असुली सम्वन्धी नीति, २०७१ मा समसामयिक संशोधन गरी सो को प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ ।

३.७ सफ्टवेयर जडान तथा यान्त्रीकरण : बैंकले आफ्ना विभिन्न कार्यालयहरुमा कम्प्यूटर सफ्टवेयर जडान गर्ने क्रममा आ.व. २०७२/०७३ सम्म प्रधान कार्यालय लगायत क्षेत्रीय कार्यालय बुटवल अन्तरगतका ४५ वटा, क्षेत्रीय कार्यालय विराटनगर अन्तरगतका १९ वटा, क्षेत्रीय कार्यालय नेपालगंज अन्तर्गत २९ वटा इलाका/शाखा कार्यालयहरुमा सफ्टवेयर जडान गरिएको छ । अन्य २ क्षेत्रीय कार्यालय जनकपुर र धनगढीमा हालसम्म म्यानुअल आधारमा काम भइरहेको छ । बुटवल क्षेत्रका उल्लेखित सबै र पूर्वाञ्चल क्षेत्रका केही शाखाहरुमा Empower Software सञ्चालनमा रहेको र नेपालगंज क्षेत्र अन्तरगतका कार्यालयहरुमा Pumory Software सञ्चालनमा रहेको छ । यसप्रकार बैंकका विभिन्न कार्यालयहरुमा भिन्न भिन्न प्रकारका Software प्रयोगमा रहेवाट वित्तीय विवरण एवं अन्य तथ्यांक प्रशोधनमा विभिन्न कठिनाई भइरहेको छ । यसैले सबै तिर एकै प्रकारको Software प्रयोग गरी बैंकको काम कारवाहीलाई प्रभावकारी वनाउन अति आवश्यक भएकोले यसतर्फ कार्य प्रारम्भ गरिएको छ । जस अन्तरगत नेपाल लघुवित्त बैंकर्स संघको अगुवाइ र यस बैंक सहित विभिन्न ३४ वटा लघु वित्त संस्थाहरुको संयुक्त लगानीमा Multi Tenant Core Banking System निर्माण गर्न नेपाल फिनसफ्ट कम्पनी लिमिटेड नामक संस्था स्थापना गरी Software निर्माणको कार्य भैरहेको छ । सो कम्पनीको संस्थापक शेयरमा यस बैंकले रु. २० लाख लगानी समेत गरेको छ । उक्त कम्पनीले तयार गरेको Software को यसै आ.व.भित्र पाइलट टेष्ट गरी आगामी आ.व.को प्रारम्भ देखिनै नयाँ Software को Implementation को कार्य शुरु हुने व्यहोरा जानकारी गराउन चाहन्छु । यसबाट बैंकले यान्त्रिकीकरणमा ठूलो फड्को मार्ने अपेक्षा लिइएको छ ।

३.८ शीप विकास तालिम कार्यक्रम संचालन : बैंकले आफ्ना ग्राहक सदस्यहरुको दक्षता अभिवृद्धि गर्न आगामी दिनहरुमा शीप विकास, उद्यमविकास तथा उत्पादनमुखी विभिन्न किसिमका तालिमहरु प्रदान गर्ने लक्ष्य राखेको छ । यसका लागि नेपाल सरकार, घरेलु तथा साना उद्योग कार्यालय र शीप विकास तालिम केन्द्रका साथै स्थानीय स्तरमा रहेका सरकारी तथा विभिन्न गैर सरकारी संघ संस्थाहरुसँग आवश्यक समन्वय गरिने छ । साथै बैंकले आफ्नै आन्तरीक श्रोत परिचालनबाट समेत ग्राहकका लागि यस्ता कार्यक्रमहरु संचालन गर्नेछ ।

घ. कम्पनीको औद्योगिक एवं व्यवसायिक सम्बन्ध :

बैंकले नियमनकारी निकाय र विभिन्न बैंक तथा वित्तीय संस्थासँग सुमधुर सम्बन्ध राख्दै आइरहेको छ । आगामी दिनमा पनि यस प्रकारको सम्पर्क एवं गैर सरकारी संस्थाहरुसंग समन्वय कायम राख्दै कर्मचारी, ग्राहक सदस्य र बैंकको व्यवसायिक क्षमता अभिवृद्धि गर्न बैंक प्रतिवद्ध रहेको छ ।

ङ. बैंकको संचालक समिति :

नेपाल ग्रामीण विकास बैंक लि.को मिति २०७३ साल आषाढ १० गतेका दिन सम्पन्न प्रथम साधारण सभाबाट निर्वाचन भई हाल बैंकमा तपशिल बमोजिमको संचालक समिति कायम रहेको छ ।

क.सं	नाम थर	पद	प्रतिनिधित्व
१	श्री माणिकरत्न शाक्य	अध्यक्ष	पिपुल्स इन्भेष्टमेन्ट कम्पनी लि.
२	श्री टंक प्रसाद पाण्डेय	सञ्चालक	नेपाल सरकार (अर्थ मन्त्रालय)
३	श्री हरिशरण के.सी	सञ्चालक	नेपाल राष्ट्र बैंक
४	श्री सुरेश देवकोटा	सञ्चालक	नेपाल बंगलादेश बैंक लि.
५	श्री जमुना ढकाल	सञ्चालक	समूह सदस्य
६	श्री चन्द्रावती घिमिरे(पौडेल)	सञ्चालक	समूह सदस्य
७	श्री प्रज्वल ध्वज थापा	सञ्चालक	सर्वसाधारण
८	श्री भेषराज कंडेल	सञ्चालक	सर्वसाधारण

साथै, बैंकको प्रथम साधारण सभा पश्चात निवर्तमान हुनु भएका संचालकहरु श्री नरेशराज अर्याल, श्री मुकुन्द महत र श्री विश्रुत थापाले यस बैंकको प्रगति र उन्नतिमा पुचाउनु भएको योगदानको उच्च मूल्यांकन गर्दै उहाँहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

च. कारोवारलाई असर पार्ने मुख्य कुराहरु :

देशको राजनीति अस्थिरता एवं समय समयमा भैरहने बन्द, हड्ताल जस्ता गतिविधिहरुले समग्र मुलुकको अर्थतन्त्र नै कमजोर हुन गएको र यसको प्रभाव बैंकको कार्यक्रममा समेत परेको छ । बैंकको सेवालाई प्रभावकारी बनाउने, कर्जामा देखिएको दोहोरोपना तथा अस्वस्थ प्रतिस्पर्धा कम गर्दै जाने नीति अवलम्वन गरिएको छ । शाख सूचना र र समान प्रकृतिको काम गर्ने संस्थाहरुसंग आपसी समन्वय गरी लघुवित्तमा देखिने गरेका समस्याहरु समाधान गर्ने तर्फ विशेष पहल गरिने छ ।

छ. लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर संचालक समितिको प्रतिक्रिया :

आर्थिक वर्ष २०७२।०७३ को लेखापरीक्षण प्रतिवेदनमा कुनै गम्भीर प्रकृतिको कैफियत उल्लेख नभएको र सामान्य कैफियतहरुका सम्बन्धमा आवश्यक सुधार भैरहेको छ ।

ज. लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम :

शेयरधनी सदस्यहरुलाई लगानीको उचित प्रतिफल दिनुपर्छ भन्ने विषयमा संचालक समिति र बैंक व्यवस्थापन सदैव प्रतिवद्ध छ । तर आ.व. २०७२/०७३ मा बैंक संचित नोक्सानीमा रहेको कारण शेयरधनीहरुलाई लाभांश वितरणको प्रस्ताव नरहेको व्यहोरा जानकारी गराउन चाहन्छु ।

झ. आन्तरिक नियन्त्रण प्रणाली :

बैंकमा आन्तरिक नियन्त्रणका लागि विगतका वर्षहरुमा कर्मचारी विनियमावली, आर्थिक प्रशासन विनियमावली, कर्जा नीति, वचत निर्देशिका, कर्जा असुली कार्यविधि, कर्जा अपलेखन विनियमावली, जोखिम व्यवस्थापन नीति, खराव कर्जा असुली नीति, आन्तरिक लेखापरिक्षण निर्देशिका, आपतकालिनकोष कार्यविधि, केन्द्रकोष निर्देशिका, सरुवा नीति र करार नीति, ग्राहक संरक्षण नीति, ग्राहक पहिचान कार्यविधि, अनिवार्य समूह तालिम निर्देशिका, सम्पत्ति दायित्व व्यवस्थापन नीति जस्ता विनियमावली, नीति, निर्देशिका तथा कार्यविधिहरु तयार गरी सो बमोजिम नियमित रुपमा काम कारवाहीहरु भइरहेको व्यहोरा अवगत गराउन चाहन्छु ।

ञ. लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा सो समितिले गरेको काम कारवाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सो को विवरण:

बैंकका संचालक श्री प्रज्वल ध्वज थापाको संयोजकत्वमा संचालक श्री जमुना ढकाल सदस्य तथा आन्तरिक लेखापरीक्षण विभागका विभागिय प्रमुख सदस्य सचिव रहेको तीन सदस्यीय लेखापरीक्षण समिति रहेको छ । लेखापरीक्षण समितिका संयोजक र संचालक सदस्यलाई समितिको बैठक बसेको दिन प्रति बैठक रु. ३०००।- का दरले र सदस्य सचिवलाई रु.१६००।- का दरले बैठक भत्ता प्रदान गरिएको छ । यस समितिले नेपाल राष्ट्र बैंकबाट जारी गरिएको निर्देशन बमोजिम संस्था सुधारको लागि संचालक समिति समक्ष सुझाव पेश गर्ने गरेको छ । लेखापरीक्षण समितिले दिएका सुझावहरुलाई आधार मानी संचालक

समितिले बैंक व्यवस्थापनलाई सुधारको लागि निर्देशन दिदै आएको छ ।

ट. बैंकले सम्पादन गरेका अन्य गतिविधिहरु

(१) कर्मचारी तालिम तथा वृत्ति विकास : बैंकले विगतका वर्षहरु देखिनै आफ्ना कर्मचारीहरुलाई दक्षता अभिवृद्धि गर्न समय/समयमा आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रममा सहभागी गराउदै आएको छ । यस कार्यलाई चालु आ.व.मा पनि निरन्तरता दिइनेछ ।

(२) समूह सदस्यहरुको तालिम, गोष्ठी तथा अवलोकन भ्रमण : बैंकका नीति नियम तथा सेवाहरुको वारेमा ग्राहक सदस्यहरुलाई जानकारी गराउने उदेश्यले विभिन्न सीपमूलक तालिम, गोष्ठी तथा अध्ययन/अवलोकन भ्रमण कार्यक्रमहरुमा सहभागी गराइदै आएको छ । यस क्रममा विभिन्न इलाका शाखा कार्यालयहरुमा आवद्ध अनुशासित, इमान्दार तथा सहयोगी केन्द्र प्रमुख/केन्द्र उपप्रमुख/समूह सदस्यहरुको सहभागितामा केन्द्र प्रमुख स्तरीय गोष्ठीहरु संचालन गरिदै आएको छ । जसलाई आगामी दिनमा समेत निरन्तरता दिइने छ ।

(३) ग्राहक सदस्यहरुलाई राहत वितरण : बैंकले अनुशासित ग्राहक सदस्यहरुलाई अत्यावश्यक औषधोउपचार खर्च, पुनर्स्थापना खर्च, प्रसुती खर्च,सदस्यको मृत्यु भएमा प्रदान गरिने कर्जा क्षतिपूर्ति खर्च, शैक्षिक प्रोत्साहन खर्च, किरीया खर्च र स्वास्थ्य शिविर संचालन खर्च शीर्षकहरुमा राहत रकम वितरण गर्ने व्यवस्था भए बमोजिम आपतकालिन कोष कार्यविधि वमोजिम निवेदन पेश गर्ने सदस्यहरुलाई राहत वितरण गर्ने गरिएको व्यहोरा शेयरधनी महानुभावहरुमा जानकारीका लागि अनुरोध गर्दछु ।

(४) वित्तीय साक्षरता तथा ग्राहक संरक्षण : बैंकमा आवद्ध ग्राहकहरुलाई सामाजिक कार्यक्रम, वित्तीय साक्षरता तथा सुशासन लगायतका विषयमा ज्ञान सीप प्रदान गर्न र ग्राहकसँग बैंकको सुमधुर सम्बन्ध दीर्घकालसम्म कायम राख्नका लागि वित्तीय साक्षरता तथा ग्राहक संरक्षण नीति तयार गरी लागु गरिएको छ । यस प्रकार खुद मूनाफाको १ प्रतिशत रकम ग्राहक संरक्षण कोषमा समेत छुट्याउने व्यवस्था गरिएको छ ।

ठ. प्रतिवद्धता :

यस बैंकको उन्नति र प्रगतिका लागि सम्पूर्ण शेयरधनी महानुभावहरु, ग्राहक सदस्यहरु, नेपाल सरकार अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि.,सिडिएस एण्ड क्लियरिङ लि., शुभेच्छुक संघ संस्था तथा अन्य महानुभावहरुबाट समय समयमा प्राप्त राय सुझावलाई समितिले हार्दिकता पूर्वक ग्रहण गर्ने गरेको छ । बैंकले आफ्ना ग्राहक सदस्यहरुलाई प्रदान गर्ने सेवा सुविधामा सुधार गर्दै आइरहेको र भविष्यमा पनि ग्राहक सदस्यहरुलाई थप सेवा सुविधाहरु समयानुकुल परिमार्जन गर्दै लगी ग्राहक सदस्यहरुको चाहना अनुरुप अझ बढी सरल र गुणस्तरीय सेवा प्रदान गर्ने प्रतिवद्धता व्यक्त गर्दछौ ।

ड. धन्यवाद ज्ञापन :

बैंकको सफल सञ्चालनको लागि नेपाल सरकार र नेपाल राष्ट्र बैंकबाट निरन्तर रुपमा प्राप्त सहयोग, सुझाव र समर्थनको लागि हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यस बैंकलाई वित्तीय श्रोत प्रदान गरी सहयोग गर्ने विभिन्न वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनीहरु र अन्य संघ संस्थाहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र वोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., सिडिएस एण्ड क्लियरिङ लि.र शेयर रजिष्ट्रारको काम गर्दै आएको प्रभु क्यापिटल मर्चेण्ट बैंकर लि.बाट प्राप्त सहयोग प्रति हार्दिक धन्यवाद दिन चाहन्छु । बैंकका कर्मचारीहरु तथा ग्राहक सदस्यहरुको दक्षता अभिवृद्धि गर्न विभिन्न तालिम गोष्ठी संचालन गर्न सहयोग गर्ने संघ संस्थाहरुलाई पनि धन्यवाद दिन चाहन्छु । आ.व.२०७२/०७३ को नेपाल ग्रामीण विकास बैंक लि.को लेखा परीक्षण कार्य सम्पन्न गर्ने लेखा परीक्षक जि. एण्ड जि.एसोसियट्सलाई धन्यवाद दिन चाहन्छु । साथै बैंक व्यवस्थापन, लगायत सम्पूर्ण कर्मचारीहरु, ग्राहक सदस्य, पत्रकार तथा यस बैंक प्रति प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग तथा सदभाव राख्नुहुने सम्पूर्ण शुभचिन्तकहरुमा धन्यवाद तथा आभार प्रकट गर्दै प्रतिवेदनलाई यही टुङ्गयाउने अनुमती चाहन्छु ।

धन्यवाद । ॥ जय ग्रामीण ॥

संचालक समितिको तर्फबाट
माणिकरत्न शाक्य
अध्यक्ष
नेपाल ग्रामीण विकास बैंक लिमिटेड, बुटवल, रुपन्देही

२०७३ माघ १४ गते
बुटवल ।

संचालक समितिको प्रतिवेदनमा उल्लेख हुनु पर्ने अन्य विवरणहरू

१. शेयर जफत भएको भए जफत भएको शेयर संख्या , त्यस्तो शेयरको अंकित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो बापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर विक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयर बापत रकम फिर्ता गरेको भए सो को विवरण :

कुनै पनि शेयर जफत भएको छैन ।

२. विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोवारको प्रगति र सो आर्थिक वर्षको अन्त्यमा रहेको स्थितिको पुनरावलोकनः

यस वित्तीय संस्थाको कुनै सहायक कम्पनी नरहेको ।

३. कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोवारहरु र सो अवधिमा कम्पनीको कारोवारमा आएको कुनै महत्वपूर्ण परिवर्तन :

कम्पनीले लघुवित्त सम्वन्धी कर्जा लगानी, वचत परिचालन लगायतका कारोवारहरु गर्दै आएको छ। यस वित्तीय संस्थाको कुनै सहायक कम्पनी नरहेको ।

४. विगत आर्थिक वर्षमा कम्पनीको आधारभुत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी :

केही नभएको ।

५. विगत आर्थिक वर्षमा कम्पनीका संचालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वमित्त विवरण र कम्पनीको शेयर कारोवारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जनाकारी :

यस बैंकका संचालकहरुले देहाय बमोजिमको संस्थागत शेयर धारण गरेका छन् ।

संचालक समितिका पदाधिकारीहरु :

क.सं	नाम थर	पद	प्रतिनिधित्व	ग्रहण गरेको कुल शेयर संख्या
१	श्री माणिकरत्न शाक्य	अध्यक्ष	पिपुल्स इन्भेष्टमेन्ट कम्पनी	संस्थागत ६७०००८ कित्ता
२	श्री टंक प्रसाद पाण्डेय	सञ्चालक	नेपाल सरकार (अर्थमन्त्रालय)	संस्थागत १९७५८०३ कित्ता
३	श्री हरीशरण के.सी	सञ्चालक	नेपाल राष्ट्र बैंक	संस्थागत १९९९८८ कित्ता
४	श्री सुरेश देवकोटा	सञ्चालक	नेपाल बंगलादेश बैंक लि.	संस्थागत ९६८१० कित्ता
५	श्री जमुना ढकाल	सञ्चालक	समूह सदस्य	व्यक्तिगत ३१९ कित्ता
६	श्री चन्द्रावती घिमिरे(पौडेल)	सञ्चालक	समूह सदस्य	व्यक्तिगत १५९ कित्ता
७	श्री प्रज्वल ध्वज थापा	सञ्चालक	सर्वसाधारण	व्यक्तिगत २७९६ कित्ता
८	श्री भेषराज कंडेल	सञ्चालक	सर्वसाधारण	व्यक्तिगत १८३ कित्ता

बैकका संचालकहरुले बैंकबाट निष्काशन गरिएको शेयर खरीद गर्ने र साधारण सभाबाट पारित वोनस शेयर ग्रहण गर्ने बाहेक शेयर कारोवारमा अन्य कुनै संलग्नता नरहेको ।

६ विगत आर्थिक वर्षमा कम्पनीसंग सम्बन्धित संभौताहरुमा कुनै संचालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा :

केही नभएको

७ कम्पनीले आफ्नो शेयर आफै खरीद गरेको भए त्यसरी आफ्नो शेयर खरीद गर्नुपर्नाको कारण, त्यस्तो शेयरको संख्या र अंकित मुल्य तथा त्यसरी खरीद गरे वापत कम्पनीले भुक्तानी गरेको रकम :

समिक्षा वर्षमा कम्पनीले आफ्नो शेयर आफै खरीद गरेको छैन ।

८. विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण :

आर्थिक वर्ष २०७२/२०७३ मा कुल व्यवस्थापन खर्च रु. ५६ करोड ४ लाख २४ हजार २ सय ३० रुपैया ५७ पैसा भएको छ। जसमध्ये कर्मचारी खर्च तर्फ रु. ४७ करोड १४ लाख ६५ हजार ९ सय ५६ रुपैया ७२ पैसा तथा कार्यालय संचालन खर्चतर्फ रु. ८ करोड ८९ लाख ५८ हजार २ सय ७३ रुपैया ८५ पैसा खर्च भएको छ।

९. संचालक, प्रवन्ध संचालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निजसँग रहेको फर्म कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा :

केही नभएको।

१०. संचालक, प्रवन्ध संचालक, कार्यकारी प्रमुख, तथा पदाधिकारीहरुलाई भूक्तान गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :

- संचालक समितिका पदाधिकारीहरुलाई पारिश्रमिकको व्यवस्था गरिएको छैन।
- संचालक समितिको बैठक भत्ता वापत प्रति बैठक अध्यक्षलाई रु. ३५००/- र अन्य संचालकहरुलाई रु. ३०००/- प्रदान गर्ने गरिएको छ।
- संचालक समितिका सदस्यहरुलाई समितिको बैठकमा भाग लिन आउँदा जाँदा लाग्ने भ्रमण खर्च तथा दैनिक भत्ता रकम प्रदान गरिदै आएको छ। तर संस्थागत प्रतिनिधित्व गरी आउनु भएका संचालकहरुलाई भने त्यस्तो भत्ता प्रदान गरीएको छैन।
- संचालक समितिका सदस्यहरुलाई आ.व.२०७२/०७३ मा बैठक भत्ता वापत वार्षिक रु. ६,०२,५००/-(कर सहित) र अन्य सुविधा वापत रु. ३,२३,६७०।२१ प्रदान गरिएको छ।
- बैंकका प्रमुख कार्यकारी अधिकृतलाई आ.व.२०७२/०७३ मा तलव भत्ता वापत रु. १६,४९,६००/- वार्षिक रुपमा प्रदान गरिएको छ।
- लेखा परिक्षकलाई आर्थिक लेखा परिक्षण गरेवापत रु.५,२५,०००/- र मूल्य अभिवृद्धि कर रु.६८,२५०/- गरी जम्मा वार्षिक रु. ५,९३,२५०/- परिश्रमिक प्रदान गरिएको छ।

११. शेयरधनिहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम :

शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांश रकम रु ४४,५५,८९२/३५ छ।

१२ दफा १४१ बमोजिम सम्पत्ति खरिद वा विक्री गरेको कुराको विवरण :

छैन

१३. दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोवारको विवरण :

छैन

१४. कम्पनी ऐन तथा प्रचलित कानुन बमोजिम संचालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा :

छैन।

१५. अन्य आवश्यक कुराहरु :

छैन।

जी एण्ड जी एसोसिएट्स
G & G Associates
Chartered Accountants

नेपाल ग्रामिण विकास वैंक लिमिटेडका

शेयरधनी महानुभावहरु समक्ष

लेखापरीक्षकको प्रतिवेदन

शेयरधनी महानुभावहरु,

१. हामीले नेपाल ग्रामीण विकास बैंक लिमिटेड, बुटवल, रुपन्देहिको यसै साथ संलग्न २०७३ साल आषाढ ३१ गतेको वासलात तथा सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरणको लेखापरीक्षण गरी देहाय वमोजिम प्रतिवेदन पेश गरेका छौं । वित्तीय विवरणहरु प्रतिको उत्तरदायित्व व्यवस्थापनमा रहेको छ । व्यवस्थापनले तयार गरेका ती वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

२. हामीले नेपाल लेखापरीक्षणमान तथा लेखापरीक्षणको सर्वमान्य सिद्धान्त र प्रासङ्गिक प्रचलनको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरण सारभूतरुपमा गलत आंकडारहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि ती नेपाल लेखापरिक्षणमान तथा प्रासङ्गिक प्रचलन अनुसार लेखापरीक्षण योजना तयार गरी सोअनुसार लेखापरीक्षण सम्पन्न गर्नुपर्दछ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्यांई गर्न प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । बैंकले अवलम्वन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्वपूर्ण अनुमान एवं वित्तिय विवरण प्रस्तुतीको समग्र स्थितिको मूल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

३. उपरोक्त अनुसार वित्तीय विवरणहरुको परीक्षण गरी देहाय वमोजिम प्रतिवेदन पेश गर्दछौं:

क) हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानेका सूचना एवं स्पष्टिकरणको साथै माग गरेका विवरणहरु सन्तोषजनक रुपमा प्राप्त गर्‍यौं । साथै हामीले माग गरेका शाखाहरुको विवरण स्वतन्त्ररुपमा लेखापरीक्षण नगरिएको भएतापनि लेखापरीक्षणको लागि पर्याप्त रहेको पायौं ।

ख) ग्रामीण विकास बैंकका हिसाव किताव तथा श्रेस्ता प्रचलित कानून वमोजिम ठीकसंग राखिएका छन् । संलग्न वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण नेपाल राष्ट्र बैंकवाट तोकिएको ढांचामा तयार भएका र यी विवरणहरु कम्पनीको लेखासंग ठीक दुरुस्त छन् । यद्यपि नेपाल लेखामान ६ अनुसार स्थिर सम्पत्ती को प्रयोग योग्य आयु अनुमान गरी ह्रासकट्टी गर्नुपर्नेमा लेखासंग सम्वन्धित टिप्पणी *(अनुसूची ४.२६)* को बुंदा नं ६ मा उल्लेख गरिए अनुसार बैंकले अवलम्बन गरेको ह्रास कट्टी नीति उल्लेखित लेखामान अनुरुप छैन । नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन नं २ को बुंदा नं २.३ अनुसार लघुवित्त वित्तिय संस्थाले किस्ताबन्दीमा भुक्तानी हुने गरी प्रवाह गरेको कर्जाको हकमा किस्ता रकमले १ वर्षभन्दा कम अवधिले भाखा नाघेको अवस्थामा त्यस्तो किस्ता रकमलाई मात्र खराब कर्जामा वर्गीकरण गरी र किस्ता रकमले १ वर्षभन्दा बढी अवधिले भाखा नाघेको अवस्थामा सम्पुर्ण कर्जा रकमलाई नै खराब कर्जामा वर्गीकरण गरी कर्जा नोक्सानी व्यवस्था गर्नुपर्नेमा ग्रामीण विकास बैंकले उक्त निर्देशनको बुंदा नं २.२ अनुसार कर्जा सापटीको सावां वा ब्याज भुक्तानी हुनु पर्ने भाखा नाघेको अवधिको आधारमा सम्पूर्ण कर्जा सापटलाई अवधि अनुसार वर्गीकरण गरी कर्जा नोक्सानी व्यवस्था कायम गरेको छ । निर्देशनको बुंदा नं २.२ अनुसार गरिएको नोक्सानी व्यवस्था बुंदा नं २.३ अनुसार गरिनुपर्ने नोक्सानी व्यवस्था भन्दा फरक हुने देखिन्छ ।

४. हाम्रो विचारमा हामीले पाएसम्मको जानकारी, हामीलाई उपलव्ध गराएको स्पष्टिकरण तथा हामीले प्राप्त गरेको सूचना तथा हामीले गरेको हिसाव किताबको परीक्षणवाट ग्रामीण विकास बैंकको संचालक समिति, कुनै संचालक वा कर्मचारीले,

-१-

Post Box No. 4204, 176-Dhobidhara Marg, Putalisadak, Kathmandu-33, Nepal, Tel.: 977-1-4442274, 4442282, 4434985
Fax: 977-1-4434985, Email: bghimire@ntc.net.np, bghimire@enet.com.np

जी एण्ड जी एसोसिएट्स
G & G Associates
Chartered Accountants

अ. लेखासंग सम्वन्धित कानुनी व्यवस्था विपरित कामकाज गरेको वा बैंकको वेहिसाव गरेको वा बैंकको हानी नोक्सानी गरेको वा,

आ. नेपाल राष्ट्र बैंकको निर्देशन विपरित कामकाज गरेको वा बैंकको वा निक्षेपकर्ताहरुको हित विपरित हुने गरी काम गरेको हाम्रो जानकारीमा आएन ।

५. हाम्रो विचारमा तथा हामीले गरेको हिसाव किताबको परीक्षणबाट:

अ. ग्रामीण विकास बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जोखिम बेहोर्ने कोषको निमित्त यथेष्ठ व्यवस्था गरेको,

आ. अनुसूचि ४.२४ मा गणना गरिए अनुसार ग्रामीण विकास बैंकको पूंजिकोष नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम पर्याप्त रहेको छैन तथा

आ. ग्रामीण विकास बैंकले गरेको कारोवार बैंकको अख्तियारी भित्र रहेको देखिन्छ ।

६. हाम्रो विचारमा हामीले पाएसम्मको जानकारी, हामीलाई उपलव्ध गराएको स्पष्टिकरण तथा हामीले प्राप्त गरेको सूचनाको आधारमा ग्रामीण विकास बैंकको संलग्न आर्थिक विवरण तथा सोही साथ संलग्न गरिएको लेखासंग सम्वन्धित टिप्पणी साथै अध्ययन गर्दा बुंदा नं ३(ख) मा उल्लेख गरिएको व्यहोराले वित्तीय विवरणमा पर्ने/ पर्न सक्ने असर वाहेक :

अ. संलग्न वासलातले ग्रामीण विकास बैंकको २०७३ साल आषाढ ३१ गतेको आर्थिक अवस्था, तथा

आ. नाफा नोक्सान हिसावले उल्लेखित मितिमा समाप्त आर्थिक वर्षको नाफा, तथा

इ. नगद प्रवाह विवरण र इक्वीटीमा भएको परिवर्तन सम्वन्धी विवरणले उल्लेखित मितिमा समाप्त आर्थिक वर्षको क्रमश: नगद प्रवाह तथा इक्वीटीमा भएको परीवर्तनको उचित एवं यथार्थ चित्रण गर्दछ ।

साथै यी वित्तीय विवरण तयार गर्दा कम्पनी ऐन, २०६३, बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, नेपाल राष्ट्र बैंकको निर्देशन तथा प्रचलित कानुनका अधिनमा रही लागु गर्न सकिने हदसम्म नेपाल लेखामानको पालना भएको छ ।

सि.ए. विजयराज घिमिरे
लेखापरीक्षक
जि. एण्ड जि. एसोसिएट्स
चार्टर्ड एकाउण्टेण्ट्स

मिति : २०७३/ ०८/ २३
स्थान : काठमाण्डौ ।

Post Box No. 4204, 176-Dhobidhara Marg, Putalisadak, Kathmandu-33, Nepal, Tel.: 977-1-4442274, 4442282, 4434985
Fax: 977-1-4434985, Email: bghimire@ntc.net.np, bghimire@enet.com.np

नेपाल ग्रामीण विकास बैंक लिमिटेडको

२०७३ साल आषाढ मसान्तको

वासलात

क्र.सं.	पूँजी तथा दायित्व	अनुसूची	चालु आ.व. रु.	गत आ.व. रु.
१.	शेयर पूँजी	४.१	५५७,५००,०००.००	५५७,५००,०००.००
२	जगेडा तथा कोषहरु	४.२	१२,९८८,४१५.५७	(२३१,४३७,२३८.२२)
३.	ऋणपत्र तथा बन्ड	४.३	-	-
४.	तिर्न बाँकि कर्जा सापट	४.४	४,२९६,१५५,८६३.४०	३,५१६,९७८,३२२.८६
५.	निक्षेप दायित्व	४.५	१,८१९,४०७,०६३.५२	१,४७६,९४४,९१५.५९
६.	प्रस्तावित नगद लाभांश		-	-
७.	आयकर दायित्व		-	२२,५८०,५१३.१६
८.	अन्य दायित्व	४.६	९७६,०४१,८८३.००	९००,०४५,४६२.२३
	कुल पूँजी तथा दायित्व		७,६६२,०९३,२२५.४९	६,२४२,६११,९७५.६२

क्र.सं.	सम्पति	अनुसूची	चालु आ.व. रु.	गत आ.व. रु.
१.	नगद मौज्दात (सिक्का समेत)		२३,७३२,५५४.६६	२५,८२६,८३१.२२
२	नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात		७३६,०२०.५७	१४,३३५,८०५.८६
३.	बैंक/वित्तीय संस्थामा रहेको मौज्दात	४.७	७४४,१०५,३७०.३९	५१०,९३५,८७५.२०
४.	माग तथा अल्प सुचनामा प्राप्त हुने रकम		-	-
५.	लगानी	४.८	१६,६५४,०००.००	६३,६५४,०००.००
६.	कर्जा सापट	४.९	६,०८३,६१७,८२०.३६	४,९१८,९१५,११२.९७
७.	स्थीर सम्पति	४.१०	२८,५८८,०८७.२७	२८,८८५,३००.४४
८.	गैर बैंकिङ्ग सम्पति	४.११	-	-
९.	अन्य सम्पति	४.१२	७६४,६५९,३७२.२४	६८०,०५९,०४९.९३
	कुल सम्पति		७,६६२,०९३,२२५.४९	६,२४२,६११,९७५.६२

संभावित दायित्व	अनुसुची ४.१३
संचालकहरुको घोषणा	अनुसची ४.२३
पुँजीकोष तालीका	अनुसुची ४.२४
जोखिम भारित सम्पत्ति विवरण तालिका	अनुसुची ४.२४(क)
प्रमुख सुचकाङ्कहरु	अनुसुची ४.२५
प्रमुख लेखा नीतिहरु	अनुसुची ४.२६
लेखा सम्बन्धी टिप्पणीहरु	अनुसुची ४.२७

४.१ देखि ४.१३ सम्मका अनुसूचीहरु वासलातका अभिन्न अंग हुन् ।

हाम्रो आजको मितिको संलग्न प्रतिवेदन अनुसार

माणिकरत्न शाक्य अध्यक्ष	टंक प्रसाद पाण्डेय सञ्चालक	हरीशरण के.सी. सञ्चालक	सुरेश देवकोटा सञ्चालक	सि.ए. विजयराज घिमिरे जि. एण्ड जि. एसोसिएट्स चार्टर्ड एकाउण्टेण्टस्

जमुना ढकाल सञ्चालक	चन्द्रवती घिमिरे (पौडेल) सञ्चालक	प्रज्वल ध्वज थापा सञ्चालक	भेषराज कंडेल सञ्चालक	पर्वत कुमार कार्की प्रमुख कार्यकारी अधिकृत	खगेन्द्र प्रसाद अर्याल उपनिर्देशक

नेपाल ग्रामीण विकास बैंक लिमिटेडको

२०७२ साल श्रावण १ गते देखि २०७३ साल आषाढ मसान्तसम्मका

नाफा नोक्सान हिसाब

क्र.सं.	विवरण	अनुसुची	चालु आ.व. रु.	गत आ.व. रु.
१.	व्याज आम्दानी	४.१४	१,१४७,१०४,६६९.३८	८८८,८६८,६९२.५१
२	व्याज खर्च	४.१५	२८६,१७५,२१३.९४	२४१,९८८,९७१.०६
	खुद व्याज आम्दानी		८६०,९२९,४५५.४४	६४६,८७९,७२१.४५
३.	कमिशन तथा अन्य सञ्चालन आम्दानी	४.१६	९७,४४३,२०७.८१	८०,३९४,१३४.१५
४.	सटही घटबढ आम्दानी		-	-
	कूल सञ्चालन आम्दानी		९५८,३७२,६६३.२५	७२७,२७३,८५५.६०
५.	कर्मचारी खर्च	४.१७	४७१,४६५,९५६.७२	४४०,०५४,९२६.४१
६.	अन्य सञ्चालन खर्च	४.१८	८८,९५८,२७३.८५	६९,८१५,६२९.६९
७.	सटही घटबढ नोक्सान		-	-
सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा			३९७,९४८,४३२.६८	२१७,४०३,२९९.५०
८.	सम्भावित नोक्सानी व्यवस्थाहरु	४.१९	१०९,९५२,३३८.२७	६६,७९२,१०७.२३
	सञ्चालन मुनाफा		२८७,९९६,०९४.४१	१५०,६११,१९२.२७
